नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २४० २०८२ साल बैशाख १२ गते शुक्रबार (25 Apr. 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : अपरिहार्य छ ... ३ पृष्ठमा : 'प्रोजेक्ट बैंक' मा राखिएका ... ३ पृष्ठमा : काश्मीर आक्रमणकारीहरूलाई ...

# "लोकतन्त्रको विकल्प लोकतन्त्र नै"




**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**

राजविराजमा बिहीबार लोकतन्त्र दिवस मनाइएको छ। बि.स.२०६३ वैशाख ११ गतेको स्मरण गर्दै लोकतन्त्र दिवस मनाइदै आइएको छ।

नागरिक समाज नेपालको संयोजनमा "सबल नागरिक समाजः सबल लोकतन्त्र" नाराका साथ लोकतन्त्र दिवस मनाइएको हो ।

आयोजित कार्यक्रमका प्रमुख अतिथि पूर्वप्रधानाध्यापक नथुनी दासले लोकतन्त्रको विकल्प लोकतन्त्र नै भएको बताउँदै अहिलेको अवस्थामा गणतन्त्रप्रति सवालहरु उठेको तर यस व्यवस्थामा कुनै दोष नभएको उल्लेख गरे ।

नेतृत्व कर्ताहरुमा कमिकमजोरी हुँदा लोकतन्त्र लुटतन्त्रमा परिणत हुँदै गएपछि आम सर्वसाधारणमा असंतुष्टि बढेको बताउँदै उनले संघीय लोकतान्त्रिक गणतन्त्र जस्तो राम्रो व्यवस्थालाई कसैले पनि दोष दिन नहुने जिकिर गरे ।

"लोकतन्त्र र लुटतन्त्र संगै चल्न सक्दैन, राजनीतिक नेतृत्वले यसप्रति सचेत हुनु आवश्यक छ" प्रमुख अतिथि दासले भने, "अब लोकतन्त्रलाई उन्नत बनाएर अगाडी बढनुपर्छ ।"

कार्यक्रमको अध्यक्षता गेका अभियन्ता बलराम यादवले संघीययता ल्याउनमा मुख्य भूमिका खेलेका दल र नेताहरुले पनि संघीयताको मर्म अनुसार काम गर्न नसेको आरोप लगाए। उनले जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवप्रति लक्षित गर्दै मधेश प्रदेशमा सात बर्ष लगातार सत्ता चलाएर पनि देशमा संघीयता आएको अनुभूती जनतालाई गराउन नसकेको आरोप समेत लगाए ।

कार्यक्रममा आयोजक संस्थाका अध्यक्ष कुमार कमलेन्द्रम, वरिष्ठ पत्रकार अनिलकुमार अनल, सेवानिवृत्त शिक्षिका मञ्जु श्रेष्ठ, नागरिक समाजका अगुवाहरु कासिन्द्र राम, भोगेन्द्र प्रसाद शर्मा, दिलिपकुमार यादव, गौरिशंकर राय, निर्भयकान्त झा, डा. सुर्यनारायण यादव र विश्वनाथ महतो, सुरेन्द्र प्रसाद यादव, विष्णु नारायण यादवले प्रजातान्त्रिक तथा लोकतान्त्रिक संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सहिदहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्दै लोकतन्त्रलाई अझै सुदृढ बनाउँदै लग्नुपर्नेमा जोड दिएका थिए ।

तत्कालीन राजा ज्ञानेन्द्र शाहले विसं २०५९ जेठ ८ मा विघट्न गरेको संसद जनआन्दोलनको बलमा २०६३ वैशाख ११ पुनःस्थापना भएको दिनलाई सम्झेर लोकतन्त्र दिवस मनाइएको नागरिक समाज नेपालका अभियन्ता बलराम यादवले जानकारी दिए ।

# माटो बोकेको ट्याक्टर पल्टिदा एक जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**

माटो बोकेर जाँदै गरेको ट्याक्टर बिहीबार पल्टिदा एक जनाको मृत्य भएको छ भने दुर्घट्नामा परी अर्का एक जना गम्भिर घाईते भएका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका १४ रम्पुरा मल्हिनियाँमा स.१त. ५०८३ नम्बरको ट्याक्टर पल्टिदा सोही वडाका जितेन्द्र यादवको मृत्यु भएको प्रहरीले जनाएको छ ।


टाउको र ढाडमा चोट गहिँरो चोट लागेका २१ बर्षीय यादवलाई उपचारका लागि स्थानिय छिन्नमस्ता अस्पतालमा भर्ना गरिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरी नायव उपरीक्षक जितिन्द्र कुमार बस्नेतले जानकारी दिए ।

दुर्घटनामा सोही वडाका २० बर्षीय दिपेश यादव घाइते भएको र उनको अहिले छिन्नमस्ता अस्पतालमै उपचार भईरहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार माटो बोकेर लैजाने क्रममा माटो निकालेर बनेको गहिँरो खाडलमा अचानक टायर फँसेर ट्याक्टर पल्टिएको थियो ।

॥ शम्भवे गुरवे नमः ॥

## बिराट शिवगुरु समगोष्ठी एवं महोत्सव

**पूर्णतः एक अध्यात्मिक आयोजन**



**"आऔं हिडौं शिव तिर"**
**शिव गुरुको शिष्यता**
**एउटा मात्र विकल्प !**
**कार्यक्रमको प्रमुख अतिथि**
विश्व शिव शिष्य परिवारको सचिव एवं शिव शिष्यताका प्रमाण परमपूजनीय अभिनव आनन्द (मन्नु भैया)



यस कार्यक्रममा बिहार राज्यका विभिन्न जिल्लाका गुरु भाई एवं गुरु बहन, नेपालको विभिन्न जिल्लाको गुरु भाई, बहन एवं सप्तरीको शिव शिष्यहरु, अध्यात्म प्रेमी, परमात्मा शिव सँग प्रेम गर्ने मानव श्रृष्टीका सम्पूर्णमा सहभागी भइदिन हुन अनुरोध छ ।

**मिति :** २०८२ बैशाख १३ गते शनिबार
**समय :** बिहान १० देखी दिउँसो ४ बजेसम्म
**स्थान :** श्री राजदेवी माध्यमिक विद्यालयको खेल मैदान
राजविराज १, सप्तरी

**आयोजक**
श्री शिव शिष्य परिवार सप्तरी
मो. न. ९७०२६३५५९१, ९८१७७३१२१०, ९८५२००००१

# सवारी ज्यान मुद्दामा पक्राउ परेका राम कारागार चलान



**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**

सवारी ज्यान मुद्दाका फरार एक प्रतिवादी दश महिनापछि बुधबार पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सप्तरीको तिरहुत गाउँपालिका २ का ४९ वर्षिय श्रवण कुमार राम छन। उनलाई बिहीबार कैद भुक्तानका लागी राजविराज कारागार चलान गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार २०८१ असाढ २७ गते सवारी ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई दुई महिना कैद सजाय हुने ठहर गरेको थियो ।

अदालतको आदेश भए लगतै उनी फरार भएका थिए। पक्राउ परेका उनलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागी कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# हुण्डि कारोबारमा संलग्न रहेको आरोपमा मेहता पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**

हुण्डि कारोबारमा संलग्न रहेको आरोपमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरा मलहनीयाका शम्भु मेहतालाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौंबाट आएको प्रहरी टोलीले सप्तरी प्रहरीको समन्वयमा उनलाई विहीवार गाउँ मै लुकी वसेको अवस्थामा पक्राउ गरेको हो।

*बाँकी अन्तिम पृष्ठमा*

## जन्म दर्ता गर्न आवश्यक कागजात

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन,

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### बाँझो जमिनप्रति ध्यान पुगोस्

सप्तरी जिल्लामा हजारौं हेक्टर जमिन वर्षौंदेखि बाँझो अवस्थामा रहेको छ । कृषिको सम्भावना उच्च रहेको सप्तरीमा बाँझो जमिनको वृद्धि हुनु दुखद मात्र होइन, चिन्ताजनक पनि हो । जिल्लामा सिँचाइ, मल, बीउ र आधुनिक प्रविधिको अभाव, श्रम शक्तिको विदेश पलायन र किसानप्रति राज्यको उपेक्षाका कारण उब्जनीयोग्य जमिन वर्षौंदेखि बाँझो रहँदै आएको छ । सरकारका तर्फबाट भूमि उपयोग नीतिहरू त बनाइएका छन्, तर कार्यान्वयनको कमजोर अवस्थाले नीति कागजमै सीमित छन् ।

बाँझो जमिनले केवल किसानको जीवनस्तरमा असर पार्दैन, यसले जिल्लाको समग्र आर्थिक विकासलाई पनि अवरुद्ध गर्छ । खाद्यान्नमा आत्मनिर्भर हुन सक्ने क्षमता हुँदाहुँदै पनि हामी आयातमा भर पर्न बाध्य छौं, जुन दीर्घकालीन रूपमा घातक हुनसक्छ । स्थानीय तहहरू, कृषि विज्ञ र सरोकारवाला निकायहरूले संयुक्त पहल गरेर बाँझो जमिनलाई उत्पादनशील बनाउने रणनीति लागू गर्नु पर्ने देखिन्छ । सिँचाइ सुविधाको विस्तार, सहुलियतपूर्ण ऋण, आधुनिक कृषि प्रविधिको प्रचार र कृषि सहकारीहरूको सशक्तिकरण मार्फत बाँझोपनको समाधान सम्भव छ ।

बाँझो जमिनको सदुपयोग केवल कृषि विकासको सवाल होइन, यो समृद्धिको आधार हो । सप्तरीले उत्पादन दिन थाले देशले समेत राहत पाउनेमा दुईमत नहोला । तसर्थ बाँझो जमिनप्रति सरोकारवाला निकाय गम्भीर बन्नु आवश्यक छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# अपरिहार्य छ लोकतन्त्र

**धर्मेन्द्र झा**

काठमाडौँ, ११ वैशाख (रासस) ।

देश बिहीबार २०औँ लोकतन्त्र दिवसको उत्साहको अवस्थामा छ । आजकै दिन दुई दशकअघि नेपालको लोकतान्त्रिक आन्दोलनको परिणामले एक किसिमले मूर्तरूप लिएको थियो । २०६२ सालको चैतमा प्रारम्भ भएको दोस्रो जनआन्दोलनको पटाक्षेप भएको दिन हो २०६३ को वैशाख ११ । दोस्रो जनआन्दोलनले सफलता प्राप्त गरेको दिनको सम्झनामा प्रत्येक वर्ष आजको दिनलाई लोकतन्त्र दिवसका रूपमा मनाउने गरिन्छ । नेपाल र नेपालीका लागि आजको दिनको निकै महत्व भएको कुरामा विमति हुन सक्दैन । यो दिवसको महत्व कहाँसम्म छ भने यो दिनको प्रेरणाले अन्ततः नेपालमा गणतन्त्रको मार्गप्रशस्त गर्न सम्भव हुन सकेको हो । यो दिवसकै प्रभाव मान्नुपर्ने हुन्छ, नेपाली जनताले गणतन्त्रका लागि धेरै कुर्नु परेन । मात्र दुई वर्षपछि अर्थात २०६५ को जेठ १५ गते नेपाल गणतान्त्रिक मुलुकका रूपमा स्थापित हुन पुग्यो ।

**लोकतन्त्रविरुद्ध आक्रमण**

आज देशमा विभिन्न कोणबाट विभिन्न पक्षबाट लोकतन्त्र र गणतन्त्रविरुद्ध अनेकथरि भ्रम छर्दै मिथ्या प्रचार गर्दै आक्रमणको प्रयास भइरहेको छ । सैद्धान्तिकरूपले गणतन्त्रका विरोधीहरू आफ्नो स्वार्थको रोटी सेक्न उद्यत देखिएको वर्तमान अवस्थामा अनेकथरि प्रलापहरूलाई स्वर दिने प्रयास भइरहेको छ । सारमा यो अनुचित हो । लोकतन्त्र र गणतन्त्रले सुनिश्चित गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दै एउटा पक्ष त्यही लोकतन्त्र र गणतन्त्रलाई निम्ट्यान्न पार्न आफ्नो शक्ति खर्चिरहेको छ । यसलाई कदापी उचित मान्न सकिन्न ।

विसं २००७ सालमा नेपालले एकतन्त्रीय जहानीया शासनबाट मुक्ति प्राप्त गरेर प्रजातान्त्रिक शासनको बाटोमा अग्रसर हुने अवसर प्राप्त गरेको हो । देशमा हालसम्म जनताका अधिकार सुनिश्चितका सन्दर्भमा जे जति आन्दोलन र क्रान्ति भए ती सबैको जग वास्तवमा २००७ साल फागुन ७ मा प्राप्त प्रजातन्त्र नै हो । तर सात सालपछिका दिनमा देशको राजनीतिमा अनेकथरि महत्वाकांक्षाहरू हाबी हुँदा प्रजातन्त्रको वास्तविक रूपको दर्शन गर्न नेपालीलाई निकै नै कठिनाइ भयो । २००७ सालमा प्राप्त उपलब्धिलाई सहजरूपमा स्वीकार गर्दै त्यसपछिको राजनीतिक यात्रालाई स्वभाविक दिशामा गतिशील हुने वातावरण निर्माण हुन सकेको भए नेपालको राजनीतिक इतिहासमा २०४६ सालको पहिलो जनआन्दोलन र २०६२/६३ को दोस्रो जनआन्दोलन आवश्यक नै पर्ने थिएन । इतिहासमा यी वर्षहरूको खासै चर्चा पनि हुँदैनथ्यो होला । तर यतिले मात्र नपुगेर नेपालको इतिहासले लोकतन्त्र दिवसका रूपमा अर्को दिन अर्थात २०६३ वैशाख ११ को दिनलाई पनि स्मरण गर्नुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना हुन पुग्यो र यसै दिनले निम्त्यायो २०६५ जेठ १५ अर्थात गणतन्त्र दिवस ।

**लोकतन्त्रमा पूर्ण प्रेस स्वतन्त्रता**

नेपालको इतिहासमा वैशाख ११ को महत्व लोकतन्त्र दिवसको सन्दर्भमा त छँदैछ, नेपाली सञ्चार र प्रेसका सन्दर्भमा पनि आजको दिनको खास महत्व छ । यसै दिवसबाट प्रेरणा प्राप्त गरी नेपालमा पूर्ण प्रेस स्वतन्त्रताका लागि नेपाली आमसञ्चारकर्मीहरूले अभियान थालेका हुन भनेर भनियो असान्दर्भिक हुने छैन । २०६४ मा गठित प्रथम संविधानसभासँगै २०६५ वैशाखमा निर्वाचित नेपाल पत्रकार महासङ्घको नयाँ नेतृत्वले संविधानसभाले तयार गर्ने नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिनुपर्ने अभियान सञ्चालन गऱ्यो र यो अभियानलाई अधिकांश सञ्चारकर्मी र मानवअधिकारकर्मीबाट समर्थन प्राप्त भयो ।

लोकतन्त्र अथवा प्रजातन्त्रको एक महत्वपूर्ण आधार प्रेसलाई पनि मानिन्छ । प्रेसले स्वतन्त्र भएर जति बढी काम गर्न सक्छ लोकतन्त्र त्यति नै फलदायी र प्रभावकारी हुनसक्ने यथार्थ विश्वभरि स्वीकार गरिएको छ । नेपाल पनि अपवाद हुन सक्दैनथ्यो । यसै यथार्थलाई आत्मसात गर्दै नेपालमा २०६३ सालको जनआन्दोलनको सफलतापछि प्रेस, सूचना, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनले आकार ग्रहण गर्न थालेको हो भन्दा अत्युक्ति नहोला । २०६३ सालको अन्तरिम संविधानमा प्रेस, सूचना, विचार र अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा स्पष्ट ढङ्गले व्यवस्था गरियो । संविधानसभाले निर्माण गर्ने संविधानमार्फत पनि अन्तरिम संविधानको यो व्यवस्थालाइ जोगाउनु अपरिहार्य थियो । यसकारण पनि संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको प्रतभूति आवश्यक थियो र त्यसबेलाको नेपाल पत्रकार महासङ्घले यो अभियानको नेतृत्व गरेको थियो ।

**लोकतन्त्रको विकल्प लोकतन्त्र नै**

प्रजातन्त्र वा लोकतन्त्रको सर्वोत्तम विकल्प प्रजातन्त्र वा लोकतन्त्रलाई नै मानिन्छ । विश्वमा यही मात्र यस्तो शासनशैली हो, जसले आफूमा रहेको कमजोरी स्वीकार गर्दछ र जनतालाई अधिकारसम्पन्न बनाउन तथा देशमा विकासको खाका कोर्न आफूलाई सच्याउँछ र आवश्यकताअनुसार परिमार्जन गर्दछ । नेपालको राजनीतिक विकासक्रमको लेखाजोखा गर्ने हो भने २००७ सालपछि २०६३ वैशाख ११ मा स्थापित लोकतन्त्र राष्ट्र निर्माणका सन्दर्भमा महत्वपूर्ण विन्दु भएकामा दुईमत हुन सक्दैन । २०६३ साल राजनीतिको यस्तो विन्दु हो, जहाँबाट नेपालमा वास्तविक लोकतन्त्रको प्रक्रियाको प्रारम्भ भयो । अर्थात अमेरिकाका पूर्व राष्ट्रपति अब्राहम लिङ्कनले भनेजस्तै जनताको, जनताबाट र जनताका लागि शासन सञ्चालन हुने अवस्थाको निर्माण हुन सक्यो । अब लोकतन्त्र अनुकूलका संरचनाहरू बन्न थाले । देशमा पहिलोपटक राजाको हस्तक्षेपविनाको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गठनको औपचारिक प्रक्रिया सुरु हुन सक्यो । सैद्धान्तिकरूपमै कानुनी शासनको जग बसाउने कार्य थालियो । त्यसैअनुरूपका विधि कानुन निर्माणको प्रक्रिया थालियो ।

पछिल्लो समयमा नेपालमा लोकतन्त्र संस्थागत हुने अवस्थाको निर्माण भएको छ । नेपालको लोकतन्त्र क्रमशः परिपक्व हुँदै गएको छ र आवश्यकतानुसार यसले आफूलाई परिवर्तित र परिमार्जित गरिरहेको छ । पछिल्लो पुस्ताको लोकतन्त्रले सुशानको अवधारणासँगै मानवअधिकार, सङ्घीयता, समावेशी र पहिचान, आवधिक निर्वाचन, सामाजिक न्याय र स्वतन्त्र प्रेसको अवधारणालाई सैद्धान्तिकरूपमै स्वीकार गरेको छ । नेपाल पनि स्वभाविकरूपमा अपवाद हुन सक्दैन । यहाँ पनि यी अवयवहरूलाई स्वीकार गरिएको छ र पछिल्लो समयमा नेपालको संविधान २०७२ ले नेपाली लोकतन्त्रलाई नयाँ ढङ्गले परिभाषित गर्ने क्रममा यी अवधारणालाई आत्मसात गरेको छ । नेपालको संविधान २०७२ मार्फत स्वीकार गरिएको सङ्घीयताको अवधारणाले नेपाली प्रजातन्त्र/लोकतन्त्रलाई क्रमशः परिष्कृत गर्दै लगेको छ । वास्तवमा लोकतन्त्रलाई 'अर्थ' प्रदान गर्न सङ्घीयताको निकै महत्व छ । सङ्घीयता अधिकार तथा शक्तिको विधिवत् विकेन्द्रीकरणको एक 'मोडेल' हो, जो लोकतन्त्रमा मात्र सम्भव छ । खासमा पछिल्लो विश्वमा लोकतन्त्रको सवलीकरणका दिशामा सङ्घीयताले निर्णायक भूमिका निर्वाह गर्ने अवधारणा लोकप्रीय बन्दै गएको छ । अधिनायकवादी शासन व्यवस्थामा अधिकार र शक्तिको विकेन्द्रीकरणको अवधारणामा विश्वास गरिँदैन । अधिकनायकवादमा विश्वास गर्नेहरू सधैँ शक्तिको केन्द्रीकरण चाहन्छन् ।

**लोकतन्त्रमा प्रेस र नागरिक समाज**

पछिल्लो अवस्थामा नेपालको राजनीतिक अवस्थाको विश्लेषणको प्रयत्न गर्ने हो भने विगतमा केन्दीय शासनमा निहीत शक्ति र अधिकार विकेन्द्रीकरणको अवधारणालाई स्वीकार गर्न थालिएको छ र जनतामा वास्तविक अर्थमा सम्प्रभूता निहीत हुने कुरालाई स्वीकार गर्न थालिएको छ । यसको अर्थ हो, नेपालको लोकतन्त्र क्रमशः संस्थागत भइरहेको छ र तल्लो तहसम्मका जनताले लोकतन्त्रको अनुभूत गर्ने वातावरणको निर्माण भइरहेको छ । लोकतन्त्र सुशासनमा आधारित छ र सुशासनको एक प्रमुख आधार पारदर्शिता र उत्तरदायित्व वहन हो । यही पारदर्शिता निर्माण गर्ने सन्दर्भमा प्रेसको निर्णायक भूमिका हुन्छ भन्नु अनुचित हुँदैन ।

प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थिति कुनै पनि लोकतान्त्रिक व्यवस्थाको सफलताका लागि एक महत्वपूर्ण शर्त मानिन्छ । कहीं पनि लोकतन्त्र छ भनेर भनियो भने त्यहाँ स्वभाविकरूपमा प्रेस स्वतन्त्रता र नागरिक समाजको निर्वाध गतिविधिको प्रत्याभूति छ भन्ने बुझिन्छ । लोकतन्त्रले नेपाल र नेपालीलाई प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थितिको अवसर प्रदान गरेको छ । माथि पनि चर्चा गरियो, २०६३ सालको वैशाख ११ यस्तो प्रस्थानविन्दु हो, जसले नागरिक अधिकारको बहाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने जनताको हकको पक्षमा औपचारिकरूपमा जगको ढुङ्गा राखेको हो ।

पछिल्लो दिनमा परिवर्तन र नागरिक अधिकार संस्थागत भएको देख्न नचाहने तत्व र समूहबाट प्रेस र नागरिक समाजमाथि आक्रमण भइरहेको छ भन्नु अन्यथा नहोला । यतिमात्र होइन, राजनीतिक व्यवस्थामाथि नै पनि धावा बोल्ने प्रयास भएको छ । यसको अर्थ हो, समग्रमा लोकतन्त्रमाथि नै आक्रमण गर्ने र आघात पुऱ्याउने जमातको आकार वृद्धि भइरहेको छ । यस्ता तत्व र समूह लोकतन्त्र क्रियाशील भएको देख्न चाहँदैनन् । तिनले समाज रूपान्तरण भएको देख्न चाहँदैनन् । यी कुरालाई आत्मसात गर्दै लोकतन्त्र रक्षाका लागि अनेकथरि चुनौतीसँग जुध्नु सबै नेपालीको दायित्व हो । *(लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)*

# रवीन्द्र मिश्र र दुर्गा प्रसाईंसहित २४ जनामाथि तीन दिन म्याद थप

काठमाडौँ, ११ वैशाख (रासस) ।

काठमाडौँको तीनकुनेमा गरिएको प्रदर्शन, तोडफोड, आगजनीलगायत घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका राप्रपा नेता रवीन्द्र मिश्र, मेडिकल व्यवसायी दुर्गा प्रसाईंलगायत २४ जनामाथि अनुसन्धान गर्न तीन दिनको म्याद थप भएको छ ।

काठमाडौँ जिल्ला अदालतमा बुधबार उनीहरूलाई पेस गरिएकामा अदालतले अनुसन्धानका लागि तीन दिनको म्याद थप गरेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो ।

चैत १५ गते भएको उक्त घटनामा उनीहरूलाई पक्राउ गरी परिसरले अनुसन्धान गरिरहेको छ । पचासी जनालाई पक्राउ गरी अनुसन्धान भइरहेकामा २१ जना हाजिरी जमानीमा छुटेकाले अहिले ६४ जनामाथि अनुसन्धान भइरहेको छ ।

त्यसमध्ये प्रसाईं र मिश्रलगायत २४ जनालाई राज्यविरुद्धको अपराध र सङ्गठित अपराधमा मुद्दा चलाइएको छ । बाँकीलाई भने आपाराधिक उपद्रव र सङ्गठित अपराधमा मुद्दा चलाइएको छ । तीनकुनेमा गरिएको प्रदर्शन हिंसात्मक हुँदा दुई जनाको ज्यान गएको थियो भने दर्जनौं घाइते भएका थिए ।

सरकारीलगायत निजी संरचनामा आगो समेत लगाइएको थियो भने तोडफोड समेत भएको थियो ।

# ‘प्रोजेक्ट बैंक’ मा राखिएका १० हजारभन्दा बढी आयोजना कटौती

काठमाडौँ, ११ वैशाख (रासस)।

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनयोग्य र नतिजामुखी आयोजना तथा कार्यक्रममा मात्रै केन्द्रित गर्ने सरकारको तयारीपछि राष्ट्रिय आयोजना बैङ्क (प्रोजेक्ट बैङ्क) मा राखिएका १० हजारभन्दा बढी आयोजना कटौतीमा परेका छन्।

जथाभावी आयोजना प्रविष्ट (इन्ट्री) गरेर बजेट माग्ने प्रवृत्ति बढेपछि राष्ट्रिय योजना आयोगले पुरानो प्रोजेक्ट बैङ्कलाई नै निष्क्रिय तुल्याएको छ। आयोगका सदश्य डा प्रकाशकुमार श्रेष्ठले बुधबार प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको बैठकमा पुरानो प्रोजेक्ट बैंकलाई पूर्ण रूपमा बन्द गरेर नयाँ प्राजेक्ट बैङ्क तयार पारिएको बताउनुभयो। यद्यपि, पुरानो प्रोजेक्ट बैङ्कलाई ‘ब्याकअप’ का रूपमा राखेर राम्रा आयोजनालाई नयाँ प्रोजेक्ट बैङ्कमा सारिएको उहाँको भनाइ छ।

“आयोजना बैङ्क निकै अव्यवस्थित भयो। बैङ्कमा १८ हजारभन्दा बढी आयोजना राखिएका रहेछन्। गत वर्ष मात्रै अन्तिम समयमा करिब ११ हजार आयोजना प्रविष्ट गराइएको पाइयो”, अर्थ समिति बैठकमा डा श्रेष्ठले भन्नुभयो, “केहीको त नाम मात्रै प्रविष्ट गराइएको रहेछ। आयोजनाबारे अरू कुनै विवरण नै त्यहाँ छैन।”

पुरानो प्रोजेक्ट बैङ्कलाई ‘ब्याकअप’का रूपमा राखेर हाल नयाँ प्रोजेक्ट बैङ्क तयार पारी छ हजार २०० भन्दा बढी आयोजना प्रविष्ट गरिसकेको उहाँले जानकारी दिनुभयो। जसमध्ये तीन हजार १८० आयोजना नयाँ छन्। आगामी आर्थिक वर्षको बजेटमा पर्ने आयोजना गत चैत मसान्तभित्रै प्रोजेक्ट बैङ्कमा प्रविष्ट गरिसक्नुपर्ने गरी आयोग आफैँले मापदण्ड बनाएको भए पनि अझै आयोजना प्रविष्ट गर्ने क्रम रोकिएको छैन।

नयाँ प्रोजेक्ट बैङ्कमा राखिएका आयोजनाहरू धेरैजसो पूर्वाधार क्षेत्रसँग सम्बन्धित रहेको डा श्रेष्ठले बताउनुभयो। सबैभन्दा धेरै सहरी विकास मन्त्रालयका मात्र दुई हजार ४२५ भन्दा बढी आयोजना प्रविष्ट भइसकेका छन्। यस्तै, खानेपानी मन्त्रालयका दुई हजार ११८ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक हजार १०० भन्दा बढी आयोजना बैङ्कमा राखिएका छन्।

नेपाल सरकारको वार्षिक बजेटमा पर्ने आयोजनालाई अनिवार्य रूपमा प्रोजेक्ट बैङ्कमा राख्नुपर्ने व्यवस्थासहित आयोगले मापदण्ड तयार पारेको छ। राष्ट्रिय आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ अनुसार निश्चित उद्देश्य, लक्ष्य र परिणामका लागि कार्यान्वयन गरिने समयसीमा तथा बजेट लागतसमेत खुलाएर प्रोजेक्ट बैङ्कमा आयोजना प्रविष्ट गर्नुपर्ने हुन्छ। पूर्वतयारी सम्पन्न भइसकेका, निर्माणसम्पन्न भएपछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रुपान्तरण हुने पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा अन्य विकाससँग सम्बन्धित कार्यलाई आयोजना मानिने र त्यस्ता आयोजना प्रोजेक्ट बैङ्कमा राखिने मापदण्डमा उल्लेख छ।

यस्तै, आयोजना निर्माणको स्रोत पनि खुलाउनुपर्ने हुन्छ। नेपाल सरकारको स्रोत, वैदेशिक तथा आन्तरिक ऋण वा अनुदानमा सञ्चालन हुने सबै खालका आयोजनालाई प्रोजेक्ट बैङ्कमा राख्नुपर्ने व्यवस्था गरिएको छ। सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजना, प्रदेश तथा स्थानीय सरकारबाट कार्यान्वयन हुने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई पनि प्रोजेक्ट बैङ्कमा राख्नुपर्ने व्यवस्था गरिएको छ।

मापदण्डअनुसार रु तीन करोडभन्दा बढी लागत भएका वा विनियोजन भएका आयोजना मात्र यसमा प्रविष्टि गर्नुपर्ने हुन्छ। यस्तै, चालु प्रकृतिका वा सालबसाली रूपमा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमबाहेकका अन्य आयोजना मात्र राष्ट्रिय आयोजना बैङ्कमा राख्नुपर्ने व्यवस्था गरिएको छ।

आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने नयाँ आयोजनाको हकमा प्रोजेक्ट बैङ्कमा चालु आर्थिक वर्षको फागुन मसान्तभित्र प्रविष्टि गरिसक्नुपर्ने व्यवस्था मापदण्डमा राखिएको छ तर आगामी आर्व २०८२/८३ का लागि भने चैत मसान्तभित्र आयोजना प्रविष्टि गरिसक्नुपर्ने व्यवस्था मापदण्डमा राखिएको थियो। यद्यपि, विभिन्न मन्त्रालय तथा निकायहरूबाट आयोजना प्रवृष्टि हुनेक्रम जारी रहेको आयोगका सदस्य श्रेष्ठले समितिमा स्वीकार्नुभयो। जुन विद्यमान प्रोजेक्ट बैङ्कसम्बन्धी मापदण्डको व्यवस्थाविपरीत हुनजान्छ।

बजेटमा जथाभावी आयोजना हाल्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रोजेक्ट बैङ्कको अवधारणा ल्याइएको हो। पूर्वतयारी नै नसकिएका, स्रोत सुनिश्चितता नभएका, लागतका आधारमा निकै कम प्रतिफल दिने आयोजना बजेटमा पर्न थालेपछि त्यसलाई नियन्त्रण गर्न यो ल्याइएको हो। यसलाई सरकारका अन्य विभिन्न सूचना प्रणालीसँग आबद्ध गर्नुपर्ने व्यवस्था मापदण्डमा राखिएको छ। आयोजना बैङ्कलाई मध्यमकालीन खर्च संरचना, समपूरक र विशेष अनुदान प्रणालीबीच आवश्यक सूचना आदानप्रदान हुनेगरी अन्तरआबद्धता कायम गर्नुपर्ने हुन्छ। यस्तै, अर्थ मन्त्रालयसँगको समन्वयमा बजेट व्यवस्थापन सूचना प्रणाली, सार्वजनिक खरिद अनुगमन कार्यालयसँगको समन्वयमा विद्युतीय खरिद प्रणाली तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा एकीकृत ‘अनलाइन’ अनुगमन प्रणालीसँग आयोजना व्यवस्थापन सूचना प्रणालीलाई अन्तरआबद्धता कायम गर्नुपर्ने व्यवस्था रहेको छ।

प्राजेक्ट बैङ्कमा कुनै योजना तथा कार्यक्रम प्रविष्टि गर्दा विभिन्न कागजात पनि अनिवार्य रूपमा पेस गर्नुपर्ने हुन्छ। जसअन्तर्गत आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन वा विस्तृत आयोजना प्रतिवेदन, आयोजनाको सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ। यस्तै, आयोजनाका लागि जग्गा अधिग्रहण गर्नुपर्ने भए सोको कार्ययोजना, खरिद योजना, कार्यान्वयन कार्ययोजना, नतिजा खाकालगायत विषयहरू उल्लेख गर्नुपर्ने हुन्छ। पुरानो प्रोजेक्ट बैङ्कमा यी कागजात नै उपलब्ध नरहेका आयोजना धेरै सङ्ख्यामा थिए। जसकारण त्यसलाई काँटछाँट गर्नु परेको आयोगको दाबी छ। यद्यपि, नयाँ प्रोजेक्ट बैङ्कमा समावेश हुने परियोजनाको गुणवेत्ता कस्तो हुने भन्नेमा पनि प्रश्न गर्ने पर्याप्त ठाउँ देखिन्छन्।

# तीनकुने घटनामा मृत्यु भएका परिवारलाई जनही १० लाख उपलब्ध गराउने

काठमाडौँ, ११ वैशाख (रासस)।

सरकारले गत चैत १५ गते तीनकुनेमा भएको घटनामा परी मृत्यु भएका सविन महर्जन तथा सुरेश रजकका परिवारलाई प्रतिपरिवार रु १० लाखका दरले राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को यही वैशाख ८ गतेको निर्णय सार्वजनिक गर्न बुधबार आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले सो निर्णय गरिएको जानकारी गराउनुभएको हो।

यसैगरी, सरकारले प्रधानमन्त्रीको अध्यक्षतामा १५ सदस्यीय उच्चस्तरीय शासकीय सुधार आयोग गठन गर्नेसमेत निर्णय गरेको उहाँले जानकारी गराउनुभयो। साथै यही वैशाख १६ देखि २२ गतेसम्म भारतको नयाँदिल्ली, देहरादुन र लखनउमा द्विग पक्षीय भेटघाटका लागि सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाह र प्रमुख सचिव डा कमलप्रसाद पोखरेलको भ्रमण स्वीकृत गर्ने निर्णय गरेको छ।

सासेक विद्युत् ट्रान्समिसन तथा वितरण आयोजना कार्यान्वयनका लागि ओपेक फन्ड फर इन्टरनेशनल डेभलपमेन्ट (ओफिड) बाट १०० मिलियन अमेरिकी डलर बराबरको रकम ऋण सहायता लिनका लागि सैद्धान्तिक सहमति दिने र उल्लिखित ऋणसम्बन्धी वित्तीय सम्झौतालाई अन्तिम रूप दिन सरकारकोतर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय भएको मन्त्री गुरुङले बताउनुभयो।

सरकारले आगामी जेठ २४ गतेदेखि ३१ गतेसम्म जापानमा आयोजना हुने ‘काउन्टर पार्ट प्रोग्राम’मा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीलाई स्वीकृति प्रदान गर्ने, यही वैशाख २४ गतेदेखि २६ गतेसम्म श्रीलङ्का सरकारले कोलम्बोमा आयोजना गर्न लागेका १७औँ ‘रिमेस काउन्सिल मिटिङ एण्ड फोर्थ रिमेस मिनिस्टेरियल कन्फ्रेन्स’मा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गरेको छ।

बैठकले यही वैशाख १५ र १६ गते काठमाडौँमा आयोजना हुने दोस्रो ‘विलाटेरल टक्स विटविन नारकोटिक्स कन्ट्रोल अथोरिटिज अफ नेपाल एन्ड इन्डिया’मा गृह मन्त्रालयका सहसचिव नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गरेको छ।

त्यसैगरी यही वैशाख ८ गतेदेखि १२ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने युनाइटेड नेसन्स इकोनोमिक एण्ड सोसियल कमिसन फर एसिया एण्ड द पेसिफिक (युनेस्क्याप) को ८१औँ सत्रमा अध्यक्षता गर्नेगरी सहभागी हुन परराष्ट्रमन्त्रीलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको उहाँले बताउनुभयो।

सरकारका नाममा दर्ता स्रेस्ता रहेको कपिलवस्तु जिल्ला, साविक बहादुरगञ्ज गाविस वडा नं ८ ख को ८-१०-९ बिघा सरकारी जग्गा प्रदेशस्तरीय बागवानी स्रोत केन्द्र निर्माण गर्न कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशलाई उपयोग गर्न सरकारले स्वीकृति दिएको छ।

सरकारका नाममा रहेको रुपन्देही जिल्ला साविक मोतिपुर गाविस वडा नं ७ ख को ०-८-० बिघा सरकारी जग्गा बुटवल उपमहानगरपालिका वडा नं १९ को वडा कार्यालय भवन निर्माण गर्न बुटवल उपमहानगरपालिका रुपन्देहीलाई उपयोग गर्न स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ।

सरकारले यही वैशाख ३० र ३१ गते जर्मनीको बर्लिनमा आयोजना हुने ‘युएन पिसकिपिङ मिनिस्ट्रियल २०२५’ मा रक्षामन्त्री मानवीर राई नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गरेको छ।

यही वैशाख र जेठ महिनामा ‘जोइन्ट इन्डो-माउन्टेनरिङ टु माउन्ट कञ्चनजङ्घा’ कार्यक्रमअन्तर्गत भारतीय सेनाकोतर्फबाट १० जना र नेपाली सेनाकोतर्फबाट १३ जनागरी कूल २३ जना आरोही समावेश आरोहण दललाई कञ्चनजङ्घा हिमाल आरोहण गर्दा लाग्ने सलामी दस्तुर पूर्ण रूपमा छुट दिने निर्णय गरिएको उहाँले बताउनुभयो।

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# काश्मीर आक्रमणकारीहरूलाई ‘पृथ्वीको कुनाकुना’ सम्म खोज्ने भारतीय प्रधानमन्त्रीको प्रतिज्ञा

नयाँदिल्ली, ११ वैशाख (रासस/एएफपी)।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार काश्मीरमा २६ जनाको ज्यान जाने गरी भएको भीषण आक्रमणका लागि जिम्मेवार सबैलाई सजाय दिने प्रतिज्ञा गर्नुभएको छ। हिमाली क्षेत्र काश्मीरमा मङ्गलबार भएको आक्रमणपछि पहिलो पटक सम्बोधन गर्दै उहाँले भन्नुभयो, “म सारा विश्वलाई भन्छु : भारतले हरेक आतङ्कवादी र तिनका समर्थकहरूलाई पहिचान गर्नेछ, पछ्याउनेछ र दण्डित गर्नेछ। हामी तिनीहरूलाई पृथ्वीको कुनाकुना सम्म खोज्नेछौँ।”

पर्यटकीय स्थल पहलगाममा भएको गोलीकाण्ड सन् २००० यता विवादित मुस्लिम बहुल क्षेत्रमा नागरिकहरूमाथि भएको सबैभन्दा घातक आक्रमण थियो। मारिएका पुरुषहरूमध्ये २६ जना भारतीय र एक जना नेपाली थिए। भारतले बुधबार इस्लामाबादलाई ‘सीमापारि आतङ्कवाद’ लाई समर्थन गरेको आरोप लगाउँदै कूटनीतिक उपायहरूको शृङ्खलासहित आफ्नो छिमेकीसँगको सम्बन्ध घटाएको थियो। पाकिस्तानले पहलगाम आक्रमणमा कुनै पनि भूमिकालाई अस्वीकार गरेको छ। बिहार राज्यमा विकास परियोजनाको उद्घाटन कार्यक्रममा बोल्दै मोदीले मारिएकाहरूको सम्झनामा पहिले दुई मिनेट मौन धारण गर्नुभयो। “म यो स्पष्ट रूपमा भन्छु : जसले यो आक्रमण गरेको छ र जसले यसको योजना बनाएको छ, तिनीहरूको कल्पनाभन्दा बाहिर तिनीहरूलाई भुक्तान गरिनेछ”, उहाँले ठूलो भिडको अगाडि हिन्दीमा बोल्दै भन्नुभयो, “तिनीहरूले निश्चय नै भुक्तान गर्नेछन्। यी आतङ्कवादीहरूसँग जति थोरै भूमि छ, त्यसलाई धूलोमा मिलाउने समय आएको छ। एक अर्ब ४० करोड भारतीयको इच्छाशक्तिले यी आतङ्कवादीहरूको मेरुदण्ड तोड्नेछ।”

उहाँले अङ्ग्रेजीमा दुर्लभ टिप्पणीहरू दिएर आफ्नो भाषण समाप्त गर्नुभयो र तिनीहरूलाई विदेशमा दर्शकहरूसम्म पुऱ्याउनुभयो। “आतङ्कवाद दण्डित हुने नै छ”, मोदीले भन्नुभयो, “न्याय सुनिश्चित गर्न हरेक प्रयास गरिनेछ।” सन् १९४७ मा स्वतन्त्र भएदेखि नै काश्मीर भारत र पाकिस्तानबीच विभाजित भएको छ। दुवैले उच्च-उचाइको क्षेत्रलाई पूर्ण रूपमा दावी गरे पनि यसको अलग-अलग भागलाई शासन गर्छन्। विद्रोही समूहहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै सन् १९८९ देखि भारत नियन्त्रित काश्मीरमा विद्रोह गर्दै आएका छन्। भारतीय सुरक्षा बलले आक्रमणकारीहरूका लागि काश्मीरमा ठूलो खोजी सुरु गरेको छ र यस कारबाहीमा ठूलो सङ्ख्यामा मानिसहरूलाई हिरासतमा लिइएको छ।

# आक्रमणपछि भारतमा काश्मीरी विद्यार्थीहरूलाई धम्की

नयाँदिल्ली, ११ वैशाख (रासस/एएफपी)।

हिमालय क्षेत्रमा भएको भीषण आक्रमणमा दुई दर्जनभन्दा बढी भारतीय पुरुष मारिएपछि भारत प्रशासित काश्मीरका विद्यार्थीहरूले भारतमा उत्पीडन र धम्कीको सामना गरेको रिपोर्ट गरेको एक विद्यार्थी सङ्गठनले बिहीबार जनाएको छ। मङ्गलबार पर्यटकीय स्थल पहलगाममा बन्दुकधारीहरूले एक नेपाली र २५ भारतीय गरी २६ जना मानिसको हत्या गरेका थिए। सन् २००० पछि विवादित मुस्लिम बहुल क्षेत्रमा नागरिकहरूमाथि भएको यो सबैभन्दा घातक आक्रमण हो।

बचेका व्यक्तिहरूले बन्दुकधारीहरूले पुरुषहरूलाई लक्षित गरेको र इस्लामिक आस्थाको घोषणा दिन सक्नेहरूलाई छाडेको भारतीय मिडियाले जनाएको छ। यी हत्याले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश भारतलाई स्तब्ध पारेको छ र हिन्दू राष्ट्रवादी समूहहरूलाई आक्रोशित बनाएको छ। उत्तराखण्ड, उत्तर प्रदेश र हिमाचल प्रदेश लगायत राज्यमा काश्मीरी विद्यार्थीहरूलाई बुधबार भाडाको अपार्टमेन्ट वा विश्वविद्यालयको हस्टल छोड्न भनिएको जम्मू कश्मीर विद्यार्थी सङ्गठनका संयोजक नासिर खुहेमीले बताउनुभयो। हिमाचल प्रदेशको एउटा विश्वविद्यालयमा छात्रावासको ढोका तोडेपछि विद्यार्थीहरूलाई उत्पीडन र शारीरिक आक्रमण गरिएको खुहेमीले जानकारी दिनुभयो। उहाँका अनुसार ती विद्यार्थीलाई ‘आतङ्कवादी’ भनिएको थियो। “यो केवल सुरक्षाको मुद्दा मात्र होइन”, उहाँले भन्नुभयो, “यो एक विशेष क्षेत्र र पहिचानका विद्यार्थीहरू विरुद्ध घृणा र निन्दा गर्ने जानाजानी र लक्षित अभियान हो।”

उत्तराखण्डको राजधानी सहर देहरादुनमा दक्षिणपन्थी समूह हिन्दू रक्षा दलको चेतावनीपछि करिब २० जना विद्यार्थी बुधबार विमानस्थलतर्फ भागेका छन्। विद्यार्थीहरूका अनुसार समूहले काश्मीरी मुस्लिम विद्यार्थीहरूलाई चाँडै सहर नछोडेमा गम्भीर परिणाम भोग्नुपर्ने धम्की दिएको थियो। सन् १९४७ मा स्वतन्त्र भएदेखि नै काश्मीर भारत र पाकिस्तानबीच विभाजित भएको छ। दुवै मुलुकले उच्च-उचाइको यस क्षेत्रलाई पूर्ण रूपमा दावी गर्छन्, तर यसको अलग-अलग भागलाई शासन गर्छन्। विद्रोही समूहहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै सन् १९८९ देखि भारत नियन्त्रित काश्मीरमा विद्रोह गर्दै आएका छन्। भारतीय सुरक्षा बलले आक्रमणकारीहरूका लागि काश्मीरमा ठूलो खोजी सुरु गरेको छ र यस कारबाहीमा ठूलो सङ्ख्यामा मानिसहरूलाई हिरासतमा लिइएको छ। बुधबार भारतले इस्लामाबादलाई ‘सीमापार आतङ्कवाद’ लाई समर्थन गरेको आरोप लगाएको थियो र कूटनीतिक उपायहरूका साथ आफ्नो छिमेकीसँगको सम्बन्धलाई घटाएको थियो। पाकिस्तानले पहलगाम आक्रमणमा कुनै पनि भूमिकालाई अस्वीकार गरेको छ।

# दुई दिने कार्यशाला सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**

स्थानीय सरकारलाई वडा बाल अधिकार समिति र बाल क्लब व्यवस्थापन सम्बन्धि दुई दिने कार्यशाला सम्पन्न भएको छ ।

कल्याणपुरस्थित सप्तरीको खडक नगरपालिकाको सभा हलमा आयोजित कार्यशालामा सहभागीहरुलाई स्थानीय बालअधिकार, वडा बाल अधिकार समिति, वडा बाल क्लब संजाल तथा बाल क्लबलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्ने सक्षम, बालिकाको बाल संरक्षण मुद्धा र सेवाहरुको गुणस्तर लगायतका उद्देश्यहरुमाथी छलफल गरि दुई दिने कार्यशाला आयोजना गरिएको हो ।

महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको समन्वय तथा सहकार्य, सेभ द चिल्ड्रेनको सहयोग तथा सबल नेपालले आयोजना गरेको कार्यशालामा प्रशासन शाखा, समाजिक बिकास शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रतिनिधि, वडा सचिव र कम्प्युटर अपरेटर, समाजिक परिचालक लगायत सहभागिता रहेका थिए ।

महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा.सुशिला कुमारी चौधरीको अध्यक्षतामा सम्पन्न भएको स्थानीय सरकारलाई वडा बाल अधिकार समिति र बाल क्लब व्यवस्थापन सम्बन्धि दुई दिने कार्यशालामा बालबालिका अधिकार सम्बन्धि साझेदारी हुनुपर्ने माग गरिएको छ ।

कार्यशालामा सेभ द चिल्ड्रेनका बरिष्ठ कार्यक्रम संयोजक मकर बहादुर सार्कीले प्रशिक्षण दिएका थिए ।

# तराईका धेरै स्थानमा अत्यधिक गर्मीको सम्भावना

काठमाडौँ, ११ वैशाख (रासस) ।

जल तथा मौसम विज्ञान विभागले तराईका क्षेत्रमा आगामी दुई दिन अत्यधिक गर्मी हुने सम्भावना रहेकाले सावधानी अपनाउन अनुरोध गरेको छ ।

विभागको मौसम पूर्वानुमान महाशाखाले बुधबार राति तातो हावाको लहरसम्बन्धी विषेश बुलेटिन जारी गर्दै उक्त सावधानी अपनाउन सबैमा अनुरोध गरेको हो ।

विभागले भनेको छ, "आगामी दुई दिनसम्म मधेस प्रदेशलगायत बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका तराईका धेरै स्थानहरूमा अत्यधिक गर्मीको सम्भावना देखिएकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउनहुन अनुरोध छ । लुम्बिनी प्रदेशका तराईका भू-भागहरूमा आगामी दुई दिन तातो लहरकोसमेत सम्भावना रहेको हुनाले सो को असरबाट बचन आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।"

जारी विशेष बुलेटिनमा लुम्बिनी प्रदेशका तराई भू-भागका थोरै स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको उल्लेख छ ।

साथै मधेस प्रदेशलगायत बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका तराईका धेरै स्थानहरुमा ३८ डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको जनाइएको छ ।

**सम्भावित असर**

विभागले तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असरहरु जस्तैः थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकोले सोबाट बच्न निम्न उपायहरु अपनाउन हुन अनुरोध गरेको छ ।

**सावधानीका उपाय**

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने (घाममा बढी नदेखिने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित ( पटकपटक पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्तमात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनसमेत अनुरोध गरिएको छ ।

यस महाशाखाबाट दैनिक जारी हुने मौसम पूर्वानुमान बुलेटिनमासमेत सोहीअनुसार नियमित रूपमा अद्यावधिक गरिने भएकाले सम्पूर्णलाई अद्यावधिक मौसमी सूचनाको जानकारी लिन हुनसमेत अनुरोध गरिएको छ ।

# शिक्षामन्त्रीमा पन्त नियुक्त

**दैनिक समाचारदाता**
**काठमाडौँ, ११ वैशाख ।**

सरकारले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा नेकपा रघुजी पन्तलाई नियुक्त गरेको छ ।

उनलाई प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिशमा बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले नियुक्त गरेका हुन् । यसअघिका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले स्वास्थ्यको कारण देखाउँदै यही वैशाख ८ गते राजीनामा दिनुभएपछि पन्तलाई शिक्षामन्त्रीमा नियुक्त गरिएको हो ।

नव नियुक्त शिक्षामन्त्री पन्त नेकपा एमालेका तर्फबाट समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सांसद छन् । उनी हाल प्रतिनिधिसभा राज्य व्यवस्था समितिको सदस्यको जिम्मेवारीमा छन् ।

# सिंहदरबारमा बोतल र जारको पानी प्रयोग बन्द गरिने

काठमाडौँ, ११ वैशाख (रासस) ।

खानेपानीमन्त्री प्रदीप यादवले देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा बोतल र जारको पानी प्रयोग बन्द गरिने बताउनुभएको छ ।

बुधबार सिंहदरबारभित्रमा मेलम्चीको खानेपानी वितरणका लागि धारा निर्माण गर्ने ठाउँको अनुगमन गर्दै उहाँले वर्षौंदेखि सिंहदरबारमा प्रयोग गरिँदै आएको जार र बोतलको पानी प्रयोग अब सदाका लागि बन्द गरिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सिंहदरबारमा प्रयोग हुँदै आएका जार, बोतलको पानी विस्थापित गर्ने लक्ष्य अनुसार काम अगाडि बढिरहेको छ । यहाँ चाँडै मेलम्चीको शुद्ध खानेपानी वितरण हुन्छ ।"

यही वैशाख मसान्तसम्मा सिंदरबारमा मेलम्चीको सफा पानी वितरण गरिने मन्त्री यादवले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मेलम्चीको शुद्ध पानी उपलब्ध भएपछि सिंहदरबारमा हाल प्रयोग भइरहेको बोतल र जारको पानी क्रमशः विस्थापन गर्ने मेरो स्पष्ट योजना छ । शुद्ध पानी सबैको पहुँचमा पुऱ्याउन हामी एकजुट भई अघि बढ्नुपर्छ ।"

## *तीनकुने घटनामा ...*

नेपाल र हङ्कङबीच हस्ताक्षर हुने 'एमओयु अन कल्चरल कोअपरेसन बिटविन द मिनिस्ट्री अफ कल्चर, टुरिजम एण्ड सिभिल एभिएसन अफ नेपाल एण्ड द कल्चर', 'स्पोर्टस् एण्ड टुरिजम ब्युरो अफ द गर्भरमेन्ट अफ द हङ्कङ स्पेशल एड्मिनिस्ट्रेटिभ रिजन अफ द पिपुल्स रिपब्लिक अफ चाइना' विषयक समझदारीपत्र स्वीकृत गर्ने र उल्लिखित समझदारी पत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न नेपाल सरकारकोतर्फबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

सर्वोच्च अदालत र अन्तर्गतका निकायको मौजुदा सङ्गठन संरचना र दरबन्दी संशोधन गर्ने, आगामी जेठ ११ गतेदेखि जेठ १३ गतेसम्म क्यानडामा आयोजना हुने 'ग्लोबल कन्फ्रेन्स फर अ कास्ट फ्रि वर्ल्ड' कार्यक्रममा सहभागी हुन राष्ट्रिय दलित आयोगको अध्यक्ष देवराज विश्वकर्मालाई स्वीकृति प्रदान गर्ने सरकारले निर्णय गरेको छ ।

वैदेशिक सहायता परिचालन नीति, २०८२ स्वीकृत गर्ने, सार्वजनिक खरिद (चौधौँ संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने, नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा सहसचिव चन्द्रकला पौडेललाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने निर्णय भएको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्मालाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सचिव पदमा सरुवा गर्ने निर्णय पनि सरकारले गरेको प्रवक्ता गुरुङ्ले बताउनुभयो ।

## *हुण्डि कारोबारमा...*

२२ वर्षिय मेहतामाथी हुण्डी कारोबारमा संलग्न रहेको भन्दै काठमाडौ र पर्सा प्रहरीमा उजुरी परेपछी अनुसन्धानका लागी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनलाई विहीवार नै अनुसन्धानका लागी विरगंज लगिएको छ । उनले एउटा समूह बनाई विभिन्न स्थानमा हुण्डी कारोबार संचालन गर्दै आएको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८१/८२
च.नं. ९८५२

मिति: २०८२/०१/११

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

२१ नं. को रैती बमभोला झा पात्र ब्राहमण नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे चौकिया मोहनपुर हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. सकरपुरा वडा नं. ४ हाल परिवर्तित तिलाठी कोइलाडी गा.पा. वडा नं ३ वस्ने गिरिन्द्र झाको यस कार्यालयमा द.नं. २३२४२ मिति २०८१/१२/२७ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८२/०१/११ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ३४० | मोहनपुर | २ | १०३ | ०-१२-५ | बमभोला झा पात्र ब्राहमण | फिल्ड बुकको जग्गाधनी महल, किसान महल र कैफियत महल समेत खाली रहेको |

श्री लक्ष्मी प्रसाद खरेल
(प्रमुख मालपोत अधिकृत)

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस
Wisdom School
Rajbiraj 2
राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो
हाम्रो विशेषताहरु
– दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
– बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
– CC Camera को निगरानीमा पठनपाठन गराइने ।
– अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
– प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
– गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
– कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।
प्रधानाध्यापक
Wisdom School, Rajbiraj 2
सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*